नेपाल राष्ट्र बैंक

जनकपुर कार्यालय

# सामान लिलाम सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७६।०८।२३**

यस कार्यालयका देहाय बमोजिमका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्महरुबाट बोलपत्र खरिद गरी मिति २०७६ पुस ८ गते बिहान ११ बजेभित्र (उक्त दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) देहायको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**विवरण:**

| समुह | लिलाम हुने मालसमान | न्युनतम मूल्य (रु.) |
|---|---|---|
| (क) | कम्प्युटर एक्सेसरिज | ३१,९५०।०० |
| (ख) | कार्यालय सामानहरु | ३३,५२५।०० |
| (ग) | फर्निचर सामानहरु | १४,८७०।०० |
| (घ) | फुटकर सामानहरु/अन्य । | ४,९६०।०० |
| (ङ) | परिवहन साधन (मोटरसाईकल) | २०,०००।०० |
| (च) | जेनेरेटर | २,५०,०००।०० |
| | कुल न्युनतम मूल्य | ३,५५,३०५।०० |
| | अक्षरेपी : रु. तीन लाख पचपन्न हजार तीन सय पाँच रुपैंया मात्र । | |

१. लिलाम सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति:
   - क) स्थान: नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालय ।
   - ख) समय: दिउँसो २:०० बजे
   - ग) मिति: २०७६।०९।०८

२. बोलपत्र साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको स.के. हिसाब नं. १६०९९९९-०११-०००-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ ।

३. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापतको रकम जफत गरिनेछ ।

४. बोलपत्र फारामका लागि रु ५००।- (फिर्ता नहुने गरी) बुझाई यस बैंकको जनकपुर कार्यालयबाट लिन सकिनेछ । उक्त रकम यस बैंकको ना.नो.आ.हि. फुटकर हिसाब नं. १६०००००-०३०-००२-५२४ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. लिलाम हुने सामानहरुको विवरण तथा सोको न्यूनतम मूल्य यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । लिलाम हुने सामान हेर्न/बुझ्न चाहेमा कार्यालय समयमा कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिनेछ ।

६. लिलाममा भाग लिने ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र ईच्छुक फर्म वा कम्पनीले आफ्नो ईजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरिएको), स्थायी लेखा नम्बर लिएको वा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

७. समुह (क) देखि समुह (च) का कुनै एक वा एकभन्दा बढी समहुमा एकमुष्ठ वा बेग्लाबेग्लै पनि बोलपत्र पेश गर्न सकिनेछ । एकमुष्ठ बोलपत्र पेश गर्दा वर्गिकृत समुह छुट्याएर कबोल रकम उल्लेख गर्नुपर्नेछ । प्रत्येक समुहमा सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गरिनेछ ।

८. बोलपत्र सम्बन्धी यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

नेपाल राष्ट्र बैंक

जनकपुर कार्यालय